# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

पत्र संख्याः

मितिः २०७५/१२/२८

चलानी नं.: ४६८६

श्री सबै वडा समितिहरु
बनेपा नगरपालिका
बनेपा, काभ्रे ।

विषयः "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम संचालन सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. २०७५।७६ च.नं. ४६५ मिति २०७५।१२।२७ को पत्रानुसार नेपाल सरकार (माननीय गृहमन्त्री स्तरको) मिति २०७५।१२।१४ को निर्णय अनुसार आगामी २०७६ साल बैशाख १ गतेदेखि ७ गतेसम्म मुलुक भरका नागरिकहरुमा व्यक्तिगत घटना दर्ता प्रति सचेतना अभिवृद्धि गरी व्यक्तिगत घटना दर्ताको दायरा बढाउने उद्देश्यले "व्यक्तिगत घटना दर्ता सप्ताह" विभिन्न कार्यक्रमका साथ मनाउने निर्णय भएकाले तहाँ वडाबाट तपसिल बमोजिमका कार्यक्रमहरुको आयोजना गरी "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम गर्नु हुन अनुरोध छ ।

तपसिल

१) २०७६ साल बैशाख १ गतेदेखि ७ गतेसम्म तहाँ वडा अन्तर्गतका वडावासीमा व्यक्तिगत घटना दर्ताप्रति सचेतना अभिवृद्धि गर्ने विभिन्न कार्यक्रमहरु संचालन गर्ने गराउने व्यवस्था मिलाउने ।

२) "व्यक्तिगत घटना दर्ता सप्ताह" कार्यक्रम अवधिभर त्यस वडा अन्तर्गतका जनप्रतिनि र कर्मचारीहरुले आफू र परिवारका सदस्यहरुको व्यक्तिगत घटना दर्ता गर्न बाँकी रहेको भए अनलाईन घटना दर्ता गर्ने गराउने व्यवस्था मिलाउने ।

३) व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई नियमित र व्यापक रुपमा अगाडि बढाउन स्थानीय संचार माध्यमहरुको समेत उपयोग गरी कार्य गर्ने गराउने ।

(भोजराज घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :- प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

पत्र संख्या:

चलानी नं.:

मितिः ...........................

# "व्यक्तिगत घटना दर्ता सप्ताह, २०७६" मनाउने सम्बन्धी

## बनेपा नगरकार्यपालिकाको सूचना

- यही २०७६ बैशाख १ गतेदेखि ७ गतेसम्म हुने "व्यक्तिगत घटना दर्ता सप्ताह, २०७६" भव्य रुपमा सफल पारौं ।
- जन्म, मृत्यू, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता घटनाहरुको अनलाईन दर्ता गरी सभ्य नगरवासीको परिचय स्थापित गरौं ।
- कुनै पनि घटना ( जन्म, मृत्यू, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) घटेको ३५ दिनभित्र अनलाइन दर्ता गरेमा कुनै प्रकारको शुल्क नलाग्ने भएकोले तोकिएको समयमै घटना दर्ता गरौं ।

फोन नं. :- प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com